## बागचौर नगरपालिकाको विनियोजन ऐन,(प्रथम संशोधन), २०७४

सभाबाट स्वीकृत मितिः २०७४/०३/३१

प्रथम संसोधन मिति : २०७४/०९/२८

**प्रस्तावनाः** बागचौर नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन ऐन २०७४ संसोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बागचौर नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम " बागचौर नगरपालिकाको विनियोजन ऐन (प्रथम संशोधन), २०७४"रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को उपदफा (१) मा देहाय बमोजिम संसोधन गरिएको छ :-

(१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४४,९४,५९,७०२।६४(अक्षेरुपी चवालिस करोड चौरानब्वे लाख उन्साठी हजार सात सय दुइ र पैसा चौसठ्ठी रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

२. मूल ऐनको अनुसुची १ मा संशोधन : मूल ऐनको अनुसुची १ मा देहाय बमोजिम संसोधन गरिएको छ :-

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालके संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | नगर कार्यपालिका | २,३६,२६,५००। | १६३,१,१५,२६५।६४ | ० | **१८,६७,४१,७६५।६४** |
| 2 | | वडा समिति | २,२६,८८,५०० | ६,३८,५०,०००।०० | ० | **८,६५,३८,५००।००** |
| 3 | | बिषयगत शाखा | १६,७२,५०,००० | ६,००,०००।०० | ० | **१६,७८,५०,०००।००** |
| 4 | | ऋणको सावाव्याजभुक्तानी | ० | ० | ० | **०** |
| 5 | | लगानी (शेयर/ऋण) | ० | ० | ० | **०** |
| 6 | | गत कार्यक्रमको निरन्तरता | ३१,२९,४३७०० | ५२,००,०००।०० | | **८३,२९,४३७००** |
| | | **जम्मा-** | **२१,६६,९४,४३७००** | **२३,२७,६५,२६५।६४** | **०** | **४४,९४,५९,७०२।६४** |